## अध्याय एक

# परिचय

### १.१ पृष्ठभूमि

समालोचनाका फाँटमा बहुप्रचलित शैली अङ्ग्रेजीको Style शब्दको नेपाली रुपान्तरण हो । आधुनिक भाषा विज्ञानको जन्म भएपछि नै शैलीविज्ञानको जन्म भएको पाइन्छ । पूर्वमा 'शैली' संस्कृतको 'शील' शब्दबाट निर्मित वा 'शी' धातुमा 'लक' प्रत्यय लागेर 'शील' शब्दको व्यूत्पादन भएको र त्यही 'शील' शब्दमा 'ई' प्रत्यय जोडिई 'शैली' शब्दको निर्माण भएको हो (शर्मा २०४८:३) ।

शैली विज्ञान पूर्व र पश्चिम दुवैतिर पुरानो परम्परामा देख्न सकिने भए पनि आधुनिक युगमा विकसित भएको महत्वपूर्ण विज्ञान/शाास्त्र हो । अङ्ग्रेजीको स्टाइलिस्टिक्स (Stylistics) शब्दको समानार्थीका रुपमा नेपालीमा शैली विज्ञानको प्रयोग भएको पाइन्छ । अङ्ग्रेजीमा स्टाइलिस्टिक्स (Stylistics) शब्दको प्रयोग सर्वप्रथम सन् १९८२ बाट भएको पाइन्छ भने नेपालीमा 'शैली' विज्ञानको प्रयोग पनि सोही दशक देखि हुन थालेको हो (शर्मा २०४८:४०) ।

पूर्वमा भारत, भामह, दण्डी, आनन्दबर्दन, क्षेमेन्द्र, कुन्तक आदिका साहित्य शास्त्रीय चिन्तनमा शैली विषयको विवेचना गरेको पाइन्छ भने पश्चिममा ग्रिसेली विद्वान प्लेटो, अरस्तु आदि रोमन विद्वान सिसरो आदि र अन्यले पनि शैली विषयको विवेचना गरेको पाइन्छ (शर्मा २०४८:४) ।

'शैली' भनेको कुनै रचनाकारको विशिष्ट रचना प्रवाह हो भन्ने मानिन्छ । सामान्य भाष एवं विषयबाट विचलन आए पछि एक विशिष्ट शैलीको निर्माण हुने प्रक्रियाा आरम्भ हुने गर्दछ तब सफल एवं श्रेष्ठ रचनाकारले आफ्नो क्षमता अनुसार उच्च प्रकारको शैली निर्माण गर्ने गर्दछ । शैली पनि प्रतिभा अनुसार आकर्षक र अनाकर्षक तथा प्रभावकारी र अप्रभावकारी हुने गर्दछ । त्यसैले शैलीलाई रचनाकारको रचनाप्रकार वा अभिव्यक्ति हो भन्न सकिन्छ ।

शैलीविज्ञान भाषा विज्ञानको त्यो अङ्ग हो जो साहित्यिक (काव्य) भाषाका विविध प्रयोगहरुको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ । शैलीविज्ञानले साहित्यिक कृतिमा प्रयोग भएका विविध भाषहरुको अध्ययन र विश्लेषणमा रुचि राख्दछ । शैली- विज्ञानले कृतिमा लेखनयोग्य पठनयोग्य भाषाको प्रयोग भए नभएको खोजी गर्दछ । भाषाका माध्यमद्वारा प्रयोगको विवरण, सौन्दर्यको विचलन, पदावली, अनुच्छेद, शब्द आदि हुनुपर्ने ठान्दछ ।

शैलीविज्ञानको सैद्धान्तिक तथा प्रविधिगत ढाँचाका आधारमा कुनै पनि साहित्यिक कृतिको व्यवस्थित, क्रमिक र वस्तुनिष्ठ अध्ययन गर्न सकिन्छ । विश्लेषकले शैलीविज्ञानको सैद्धान्तिक पक्ष, वैज्ञानिक आधारहरू, सम्बन्धित कृति, भाषा विज्ञानको प्रकृति र सम्बन्धित भाषाका व्याकरणका बारेमा जानकारी प्राप्त गरेको हुनुपर्छ । शैलीविज्ञान काव्य शास्त्र र भाषा विज्ञानको मिलन भूमि हो (शर्मा २०४८:१२) ।

‘छाउघर’ उपन्यास उपन्यासकार राज सरगमद्वारा लेखिएको उत्कृष्ट सिर्जना हो । डोटेली भाषिकाको यथेष्ट रुपमा प्रयोग गरिएको यस उपन्यासमा नारीको छाउ हुने ( महिनावारी हुने) समस्यालाई छाउ हुँदा भोग्नु परेको दुःखपूर्ण जीवन वृत्तान्तलाई रोचक शैलीमा प्रस्तुत गरिएको छ । यस उपन्यासको विभिन्न कोणबाट शैली-वैज्ञानिक ढङ्गले विश्लेषण गर्नु नै अनुसन्धानका क्षेत्रहरु रहेका छन् । सुदुर-पश्चिमका जिल्लाहरुमा हालसम्म पनि प्रचलित अवस्थामा रहेको छाउपडी प्रथालाई वास्तविक चित्रमा उतार्ने प्रयास गरिएको यो उपन्यास एक उत्कृष्ट यथार्थवादी उपन्यासमा केन्द्रित छ । प्रस्तुत उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने कार्य यस शोधपत्रमा गरिएको छ । यस उपन्यासको शैलीवैज्ञानिक अध्ययन यस भन्दा पहिले कोही कसैबाट नभएको कारण यो अध्ययन नितान्त मौलिक र उपयोगी ठहरिने छ ।

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय नेपाली शिक्षा विषयको स्नातकोत्तर (एम.एड) दोश्रो वर्षको नेपाली ५९८ पाठ्यांशको आंशिक परिपूर्ति समेतका लागि श्री जनता बहुमुखी क्याम्पसबाट ‘छाउघर’ उपन्यासको शैलीवैज्ञानिक ढङ्गले विश्लेषणात्मक शोध विधिको प्रयोग गरी शोध पत्र लेख्ने कार्यलाई पूर्णता दिने प्रयास गरिएको छ ।

**१.२ समस्या कथनः**

'छाउघर' उपन्यासको शैलीवैज्ञानिक अध्ययन निम्न लिखित समस्यामा केन्द्रित रहेर गरिएको छ :-

क) कथानकका आधारमा 'छाउघर' उपन्यास के-कस्तो छ?

ख) चरित्रका आधारमा 'छाउघर' उपन्यास के कस्तो छ ?

ग) विचलन र समानान्तरताका आधारमा 'छाउघर' उपन्यास कस्तो छ ?

घ) चयनका आधारमा 'छाउघर' उपन्यास के कस्तो छ ?

**१.३. अध्ययनको औचित्य तथा महत्वः**

अध्ययन अनुसन्धान नितान्त उपलब्धिमूलक र फलदायक हुन्छ । उपन्यास जीवनको समग्र पक्षलाई समेट्न सकिने वृहत गद्य रचना भएकाले साहित्यमा यसले छुट्टै महत्व बोकेको हुन्छ । उपन्यासलाई विविध दृष्टिकोणबाट व्याख्या विश्लेषण गर्नु एउटा महत्वपूर्ण एवं औचित्यपूर्ण कार्य हो । यसले उपन्यास विधालाई परिष्कार र परिमार्जन गर्न मद्दत गर्दछ । कृतिहरुको शैलीगत अध्ययन गरी वास्तविक तथ्यहरु प्राप्त गरी कृतिका बारेमा खेल्ने भूमिकाको अध्ययन गरी निकालिएका निश्कर्षहरुले भावी दिनमा शैलीवैज्ञानिक अध्ययनका लागि महत्वपूर्ण भूमिका खेल्ने कुरामा कुनै दुइमत छैन । यसैगरी यस अध्ययनबाट प्राप्त निश्कर्षहरुको अध्ययनबाट लेखकलाई भाावी दिनहरुमा कृतिका कमी कमजोरी सुधार गरी परिमार्जन गर्न र नयाँ कृतिहरुको सिर्जना गर्न थप पृष्ठपोषण पुग्ने देखिन्छ । यो अध्ययन राज सरगमको 'छाउघर' उपन्यासको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित छ । यस अध्ययनमा साहित्यिक विषयहरु अध्ययन गरी शैलीवैज्ञानिक तथ्याङ्कहरु प्रस्तुत गरिने हुँदा उक्त कृतिका बारेमा आम पाठक विद्वतवर्ग, शिक्षक, समालोचक, अनुसनधानकर्ता आदि सबैलाई निकै फाइदा पुग्दछ । कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययनबाट भाषाशैली, वाक्यगठन, शब्दगठन, भाषिक चयन, विचलन एवम् समानान्तरताका बारेमा समेत जानकारी प्राप्त गर्न सकिन्छ । यसबाट भाषाको कलात्मक सौन्दर्य र सिर्जनात्मक अभिव्यक्ति क्षमता प्राप्त गर्न सकिन्छ । प्रस्तुत अध्ययन उपन्यासकार राज सरगमद्वारा लेखिएको कृति 'छाउघर' उपन्यासको शैलीवैज्ञानिक अध्ययनमा सीमित रहेको र यस अध्ययनबाट प्रस्तुत गरिएको निश्कर्षहरुको अध्ययनबाट पाठकवर्ग, विद्वत वर्ग, कृतिकार,

समालोचक, अनुसन्धानकर्ता आदिलाई समेत फाइदा पुग्ने भएकाले यसको महत्व तथा औचित्य उल्लेखनीय रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा छाउपडी प्रथालाई हाल पनि नेपालका सुदुर पश्चिमका केही जिल्लाहरुमा प्रचलित अवस्थामा रहेका कारण यथार्थपरक ढङ्गबाट उपन्यासमा नारीहरुले पहिलो पटक छाउ हुँदा भ्लेल्नुपर्ने विविध सम्स्याहरुलाई केलाउन खोजिएको छ । राज सरगमद्वारा लेखिएको 'छाउघर' उपन्यास एक उत्कृष्ट कृति भएका कारण यसको महत्व स्पष्ट भ्लल्किन्छ । यसरी विविध समस्याहरुको चित्रण गरिएकोले यसको शैलीवैज्ञानिक अध्ययन गर्नु अत्यन्तै महत्वपूर्ण र औचित्यपूर्ण मानिएको छ । अन्ततः राज सरगमको 'छाउघर' उपन्यासलाई केन्द्र विन्दु बनाई गरिएको यस शोध नितान्त मौलिक अनुसन्धान हो । प्रस्तुत कृतिको यस भन्दा अगाडि तथा शैलीवैज्ञानिक विश्लेषण शीर्षकमा अध्ययन अनुसन्धान हालसम्म कोही कसैले नगरेको हुँदा यसको औचित्य र महत्व स्पष्ट हुन्छ ।

## १.४. अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधकार्यका निम्न लिखित उद्देश्यहरु रहेका छन् :

क) कथानकका आधारमा 'छाउघर' उपन्यासको विश्लेषण गर्नु ।

ख) चरित्रका आधारमा 'छाउघर' उपन्यासको विश्लेषण गर्नु ।

ग) विचलन र सामानान्तरताको आधारमा 'छाउघर' उपन्यासको विश्लेषण गर्नु ।

घ) चयनका आधारमा 'छाउघर' उपन्यासको विश्लेषण गर्नु ।

## १.५ अध्ययनको परिसीमा

अध्ययनका क्रममा सम्बन्धित विषयमा कुन-कुन पक्षको मात्र अध्ययन गर्ने भनि गरिएको किटानी व्यवस्था नै अध्ययनको परिसीमा हो । प्रस्तुत शोध निम्न लिखित क्षेत्र र सीमामा आधारित रहेर तयार पारिएको छ :

क) प्रस्तुत अध्ययन फ्रेटागको पिरामिडका आधारमा उक्त उपन्यासको कथानकको विश्लेषणमा सीमित रहनेछ ।

ख) लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा 'छाउघर' उपन्यासको पात्र/ चरित्रहरुको वर्गीकरण र विश्लेषणमा सीमित रहनेछ ।

ग) उक्त उपन्यासमा प्रयूक्त भाषिक चयन, विचलन र सामानान्तरताको आधारमाा

विश्लेषण सीमित रहनेछ ।

## १.६. पारिभाषिक शब्द :

यस शोधकार्यमा प्रयोग भएका पारिभाषिक शब्द र तिनको अर्थ निम्न अनुसार रहेका छन् :

| | | |
|---|---|---|
| क) चयन | - | छान्ने/रोज्ने काम |
| ख) विचलन | - | मानकको अतिक्रमण/क्रम नमिल्नु |
| ग) छाउघर | - | महिनावारी हुँदा बस्ने घर |
| घ) समानान्तरता | - | पद/पदावली, वाक्यांश वा भावार्थ दोहोरिनु |
| ङ) विचलन | - | मानक भाषाको अतिक्रमण गर्नु |
| च) शैली | - | भाषा संरचनाको क्रमबद्ध व्यवस्थित रुप |
| छ) हड | - | शरीर |
| ज) मेडा | - | मूढा |